नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.यो.त.वि.शा. ३७३-२०८०/०८१ | चलानी नम्बरः १३४

मितिः २०८०/०५/१५

विषय : JDS 2024 छात्रवृत्तिका लागि निवेदन आव्हान ।

जापान सरकारद्वारा नेपाल सरकारका निजामती कर्मचारीहरूलाई उपलब्ध गराइएको देहाय अनुसारको अध्ययन छात्रवृत्ति कार्यक्रममा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४०ख को उपदफा (३) बमोजिम गठित समितिको मिति २०८०/०५/१२ गते बसेको ३७३ औं बैठकबाट सबै निकायका लागि खुला गरिएकोले यस मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत शाखा अधिकृत वा सो सरह वा सो भन्दा माथिल्लो पदका तपसिलको योग्यता पुगेका इच्छुक निजामती कर्मचारीहरूलेमात्र तपसिलको विवरण खुलाई कार्यरत कार्यालयको सिफारिस र अद्यावधिक व्यक्तिगत विवरण (PIS) सहित देहायको समयावधि भित्र निवेदन दिनुहुन वा यस शाखाको ईमेल ठेगाना hrd.moga@gmail.com मार्फत् पठाउनुहुन अनुरोध छ । *साथै, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीले यस मन्त्रालयको च.नं. ६७०, मिति २०८०/०२/१८ को परिपत्र बमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरी सम्बन्धित निकायमा निवेदन पेश गर्ने व्यवस्था हुन समेत अनुरोध छ।*

देहायः

| क्र.सं. | अध्ययन/तालिम/ अध्ययन भ्रमणको विषय | अवधि / Deadline | कार्यक्रम हुने देश | आवश्यक योग्यता वा अन्य प्रासंगिक विषय | कार्यरत निकाय | मन्त्रालयमा आवेदन पेस गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| 1. | The Project for Human Resource Development Scholarship by Japanese Grant Aid<br>"Master's Degree" (2 years)<br>JDS 2024 | Academic Year 2024-2026 / October 19th, 2023 | Japan/JDS | • Nepali nationals<br>• Between the age of 25 and 40 (both inclusive) as of April 1st, 2024 (should be born between April 2nd, 1983 and April 1st, 1999)<br>• A bachelor's degree (Those who apply to Kyushu University and Keio University) have to have a Bachelor's degree in Law)<br>• At least 3 years of work experience in Civil Service at the time of application.<br>• Gazetted civil servants governed by civil service act of Nepal, currently employed in the following organization<br>All ministries<br>All agencies under ministries | मन्त्रालय र अन्तर्गतका निकाय मात्र | ५ असोज, २०८० (तद्नुसार २२ सेप्टेम्बर २०२३) |

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(जनशक्ति योजना तथा विकास शाखा)

पत्र संख्याः ज.यो.त.वि.शा. ३७३-२०८०/०८१

चलानी नम्बरः ९३४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | All Constitutional bodies<br>All other institutions and authorities<br>All courts<br>Or civil servants (level 7 and above) originally recruited by the federal government and deputed/adjusted to 7 provincial and 753 local governments.<br>• A strong will to work for the development of Nepal after their return home.<br>• In good health.<br>• English language proficiency sufficiently fluent for studying in Japan. | | |
| 2. | The Project for Human Resource Development Scholarship by Japanese Grant Aid<br>'Doctoral Degree" (3 years)<br>JDS 2024 | Academic Year 2024-2027<br>/<br>January 19, 2024 | Japan/ JDS | • Nepali nationals<br>• Between the age of 30 and 45 (both inclusive) as of April 1st, 2024 (should be born between April 2nd, 1978 and April 1st, 1994)<br>• Hold a master's degree (including universities in Nepal.<br>• At least 5 years of work experience in Civil Service at the time of application,<br>• Gazetted civil servants governed by civil service act of Nepal, currently employed in the following organization<br>All ministries<br>All agencies under ministries<br>All Constitutional bodies<br>All other institutions and authorities<br>All courts<br>Or civil servants (level 9 above) originally recruited by the federal government and deputed/adjusted to 7 provincial and 753 local governments.<br>• Returned to and served for the country for certain years (involving actual work and /or research preparation) set by the civil act after completion of Master's course.<br>• In good health.<br>• Sufficient English language ability to pursue a doctoral degree | मन्त्रालय र अन्तर्गतका निकाय मात्र | ३० असोज, २०८० (तद्नुसार १७ अक्टुबर २०२३) |

पत्र संख्याः ज.यो.त.वि.शा. ३७३-२०८०/०८१ चलानी नम्बरः ९३८

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • Should have published one or more peer-reviewed paper/s, in principle. | | |

देहाय

| नाम, थर (अंग्रेजीमा समेत) | पद | सुरु नियुक्ति र हालको पदमा नियुक्ति मिति | हाल कार्यरत निकाय | सेवा/समूह/ उपसमूह | संकेत नं | समायोजन भएको तह | अध्ययन गर्न चाहेको तह, Priority Component र विषय | अध्ययन गर्न चाहेको विश्वविद्यालय | हालको शैक्षिक योग्यता/ विषय | ईमेल ठेगाना/ मोवाइल नं |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

पुनश्चः *तोकिएको मिति पछि प्राप्त तथा निर्दिष्ट विवरण संलग्न नभएको निवेदन उपर कुनै कारवाही हुने छैन ।*

वोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, सं.मा. तथा सा.प्र.मन्त्रालयः *वेबसाइटमा अपलोड गरिदिनुहुन ।*

.....................

(सागर के.सी.)

शाखा अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(जनशक्ति योजना तथा विकास शाखा)

फोन { ४२००५०४, ४२०००७९, ४२००३०५

फ्याक्स नं : ४२००३८८

पत्र संख्या:- ०८१/८०

चलानी नं.:- ६६०

मिति: २०८०/०२/१८

**विषय: परिपत्र ।**

श्री सबै मन्त्रालय/आयोग/कार्यालय/सचिवालय ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश) ।
श्री सबै स्थानीय तह ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०२/०९ को बैठकबाट तपसिल बमोजिमको निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल:

सम्बन्धित प्रदेशको कानूनले व्यवस्था नगरेसम्मको लागि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्त भएका प्रदेश तथा स्थानीय तहका कर्मचारीको अध्ययन पूर्व स्वीकृति, स्वदेशी तथा वैदेशिक अध्ययन/तालिममा मनोनयन र अध्ययन तथा असाधारण बिदा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० का आधारमा प्रदेशको प्रमुख सचिवले देहायबमोजिम स्वीकृति गर्ने गरी निजामती सेवा नियमावली, २०५० को नियम १३५ को उपनियम (१) बमोजिम अधिकार प्रत्यायोजन गर्ने:-

देहाय:

क) प्रदेशमा कार्यरत राजपत्रांकित द्वितीय श्रेणीको उपसचिव वा अधिकृतस्तर दशौं तहसम्मको कर्मचारीको हकमा सम्बन्धित प्रदेश सचिवको सिफारिसमा र स्थानीय तहमा कार्यरत सोही श्रेणी वा तहसम्मका कर्मचारीको हकमा सम्बन्धित स्थानीय कार्यपालिकाको सिफारिसमा स्वीकृत गर्ने,

ख) खण्ड (क) बमोजिम प्रदान गरिएको स्वीकृतिको जानकारी प्रमुख सचिवले ३ दिनभित्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सेवा समूह सञ्चालन गर्ने सङ्घीय मन्त्रालय र राष्ट्रिय किताबखाना (निजामती) मा समेत पठाई विवरण अद्यावधिक गर्ने गराउने ।

२०८०/२/१९

(रामु राज कडरिया)
उपसचिव

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा, सं.मा. तथा सा.प्र.म., *पत्र वेबसाइटमा राखुहुन साथै उल्लेखित सम्पूर्ण निकायको आधिकारिक ईमेल ठेगानामा पत्राचार समेत गर्ने व्यवस्था मिलाउनहुन ।*